आज मिति २०७५।०९।२७ गते शुक्रबारका दिन बिहान ८:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको सत्ताइसौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सुरज अर्याल, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

अन्य आमन्त्रित

श्री रामचन्द्र लामिछाने, कार्यक्रम अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री उपेन्द्र प्याकुरेल, सूचना प्रविधि अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री राजेन्द्र बहादुर शाही, खरीदार, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री सुमन तामाङ, सह लेखापाल, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

निर्णयहरु:

१. साविक स्थानीय निकायबाट स्थायी नियुक्ति पाएका देहायका कर्मचारीको सन्दर्भमा गरिएको समायोजन अनुमोदन गर्ने ।

१. ध्रुव प्रसाद पाण्डे, सहायक चौथो
२. राजन प्रसाद अधिकारी, सहायक चौथो
३. श्रीराम श्रेष्ठ, कार्यालय सहयोगी प्रथम

२. जग्गा प्राप्ति ऐन, २०३४ वा सरकारी जग्गा दर्ता वा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति,२०७१ ले तोकेको प्रकृया पूरा गरेर मात्र जग्गा प्राप्त गर्ने ।

३. लिखु गाउँ कार्यपालिकाको कार्यालयको आन्तरिक लेखा परीक्षण सम्बन्धी कानून नबनिसकेकोले चालू आ.व.को प्रथम चौमाकिकको आन्तरिक लेखा परीक्षणको लागि कोष तथा लेखा नियन्त्रकको कार्यालय नुवाकोटलाई अनुरोध गर्ने निर्णय गरियो ।

४. लिखु गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि,२०७५ पारित गर्ने ।

५. लिखु गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि, २०७५ पारित गर्ने ।
६. लिखु गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ गाउँ सभामा पेश गर्न पारित गर्ने ।
७. लिखु गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४ पारित गर्ने ।
८. प्रदेश सरकार, उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा, मकवानपुरबाट जारी भएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि २०७५, को दफा १५ को उपदफा ५ बमोजिम यस गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा देहायको स्थानीय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| ख) वातावरण समितिको अध्यक्ष | सदस्य |
| ग) इन्जिनियर | सदस्य |
| घ) वन कार्यालय, नुवाकोटको प्रतिनिधि | सदस्य |
| ङ) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| च) प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| छ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

९. उपभोक्ता समितिको अभिमुखीकरण तालिम कार्यक्रम स्वीकृत गरी सञ्चालन गर्ने ।
१०. लिखु गाउँपालिका वडा नं. ४ निवासी शम्भू नेपालीको मिति २०७५।०६।१४ गते राती अचानक आगलागी भई रु चार लाख बराबरको सामानहरु जलेर नष्ट भएको भनी आर्थिक सहायता माग भै आएको सन्दर्भमा चालू आ.व. २०७५।०७६ को वातावरण तथा विपद् व्यवस्थापन शीर्षक अन्तर्गत वडा नं. ४ मा विनियोजित रकम

लिखु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नुवाकोट

मध्येबाट रु बीस हजार(२०,०००।-) वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिश बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

११. क. बालाजु -त्रिशुली, छहरे- विदुर सडक सुधार आयोजना अन्तर्गत सडक मर्मत सुधार गर्दा लिखु गाउँपालिकाको क्षेत्रभित्र पर्ने बस्ती तथा बजार एरियामा दुवै तर्फ नाली व्यवस्थापन हुने पर्नेमा सो नभई एकातर्फ बाट नाली राखी सडक निर्माण भएकोले दुवै तर्फ नाली राख्न सडक सुधार आयोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

ख. सडक निर्माण गर्दा पूर्व सञ्चालित खानेपानी आयोजनाहरु विनास भएकोले उक्त खानेपानी योजना पूर्ववत् सञ्चालन र निर्माणको लागि बालाजु -त्रिशुली, छहरे- विदुर सडक सुधार आयोजनालाई पत्राचार गर्ने निर्णय गरियो ।

१२. वडा नं. ५ र ६ को संयुक्त सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत स्वंयसेविकालाई प्रोत्साहनको व्यवस्था तथा स्वयंसेविका अक्षयकोषमा रु ५०,००० (पचास हजार मात्र) थप गरी रु एक लाख बनाउन आउँदो गाउँसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१३. नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौको सहरी योजना तथा भवन निर्माण मापदण्ड निर्देशिका, २०७५ बमोजिम राष्ट्रिय राजमार्गको क्षेत्राधिकार ५० मिटर र सेट व्याक १२ मिटर गरी जम्मा ६२ मिटर तथा सहायक राजमार्गको क्षेत्राधिकार ३० मिटर र सेट व्याक १२ मिटर गरी ४२ मिटर कायम गरिएको तथा सडक डिभिजन नुवाकोटबाट पनि राष्ट्रिय राजमार्गको क्षेत्राधिकार ५० मिटर तथा सहायक राजमार्गको क्षेत्राधिकार ३० मिटर हुने भनी लेखी आएको सन्दर्भमा यस गाउँपालिका क्षेत्र भित्रको वडा नं. ६,५,३ र १ भएर जाने मध्य पहाडी लोकमार्गले यस अघि निर्माण सम्पन्न भएका अधिकांश घरहरु भत्कने तथा ठूलो क्षेत्रफलमा खेतीयोग्य जमिन समेत मापदण्ड भित्र परी कतिपय सर्वसाधारणहरुको उठिबास लाग्ने स्थिति आएको हुँदा उक्त निर्णय पुन:विचार गरिदिनुहुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

१४. गाउँपालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरेका योजनाहरुको नियमानुसार म्याचिङ रकम गाउँपालिकाबाट व्यहोर्ने गरी प्रदेश र संघीय सरकारसँग बजेट माग गर्ने निर्णय गरियो ।

१५. सडक बोर्ड नेपालको च.नं. ८५२ मिति २०७५।०९।१९को पत्रानुसार चालु आ.व. २०७५।०७६ को लागि सडक मर्मत शीर्षकमा रु दश लाख बजेट विनियोजन भई आएकोमा सो को बीस प्रतिशत गाउँपालिकाबाट म्याचिङ गरी कूल रु बाह्र लाख को देहायको योजना छनौट गरी सडक बोर्ड नेपालमा प्रस्ताव तयार गरी पठाउने निर्णय गरियो ।

| | |
|---|---|
| १.पन्त दोबाटो हुँदै थापाटोल जोड्ने सडक,लिखु-०६, नुवाकोट | रु ८,००,०००।- |
| २. डि बगैंचा-कोलडाँडा-अमलटारी हुँदै अस्पताल जोड्ने सडक, लिखु-०५, नुवाकोट | रु ४००,०००।- |

२०७५।०९।२६